श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी **बसन्त राज गौतम**

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.१३/४५ (हातहतियार)

दर्ता मिति :– २०६९/०६/०३

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.७२८ , मिति :– २०७१/०६/३०

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले **नेपाल सरकार**.........<br>.........१ | अर्जुन श्रेष्ठको छोरा जि. नुवाकोट,थानसिङ गा.वि.स. वडा नं.२ बस्ने वर्ष २३ को अरुण श्रेष्ठ.......................................................................... १ |
| निजको प्रमाण.................................. | रामबहादुर तामाङको छोरा जि. नुवाकोट, खरानीटार गा.वि.स. वडा नं.३ बस्ने वर्ष १६को सुजन तामाङ............................................................ १ |
| साक्षी .............. | निजको प्रमाण ................................................................. |
| कागज........................................... | साक्षी ............................................................................. |
| | कागज ........................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षीः-

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

**मुद्दा :- हातहतियार खरखजाना ।**

(१) मिति २०६९।५।१ गते का.जि.का.म.न.पा.वडा नं.१ स्थित सुशिला मास्केको घरमा चोरी गर्ने क्रममा दराजबाट झिकीएर यत्रतत्र छरिएर रहेको अवस्थामा खुद्रा पैशा तथा गरहगहना सिक्का समेत राख्ने डिब्बाबाट ५ राउण्ड गोलीहरु फेला परेको र सो घरमा चोरी गर्ने व्यक्तिहरु नुवाकोट थानसिङ-२ बस्ने अरुण श्रेष्ठ र ऐ. खरानीटार-३ बस्ने सुजन तामाङ भएको विशेष सुत्रबाट खुल्न आई निजहरुलाई पक्राउ गरी चोरी तथा घटनास्थलमा फेला परेका खुकुरी तथा गोलीहरु सम्वन्धमा चोरी तथा हातहतियार खरखजाना मुद्दामा समेत अनुन्धान गरी कारवाही गरी पाउ भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन सहितको खानतलासी एवं वरामदी मुचुल्का ।

(२) पक्राउ पर्नु भन्दा एक महिना पहिले गगंवु चोकमा सामान्य चिनजान भएका हरी दाई भन्ने व्यक्तिसँग भेट हुदा ७.६५ एम एम लेखिएका गोलीहरु समेत थान ५ मैले रु १०००।- मा खरिद गरी आफ्नोसाथमा राखेकोमा मिति २०६९।५।१ गते का.जि.का.म.न.पा.वडा नं.१ कमलपोखरी स्थित सुशिला मास्केको घरमा चोरी गर्न जादा डर त्रासमा पार्नलाई उक्त गोलीहरु समेत मेरो साथमा लिई गएको थिए । चोरी गरी नगद गोजीमा राखी भाग्ने क्रममा उक्त गोलीहरु थान ५ सोही घटनास्थलमा नै छुट्न गएको हो । म सग हातहतियार तथा खरखजाना राख्ने कुनै अनुमति छैन भन्ने समेत व्यहोराको प्रतिवादी अरुण श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(३) मिति २०६९।५।१ गते का.जि.का.म.न.पा.वडा नं.१कमलपोखरी स्थित सुशिला मास्केको घरमा चोरी गर्न जाने योजना वनाउदा अरुण श्रेष्ठले मलाई ५ वटा गोलीहरु देखाई चोरी गर्न लागिएको घरको घरधनीलाई डर त्रास देखाउन उक्त गोलीहरु प्रयोग गर्ने वताएका थिए । उक्त दिन चोरी गरी भागे पश्चात निजले साथमा लिई गएको गोलीहरु त्यही घटनास्थलमा छुटी गएको भनी वताएका थिए । निजले उक्त हातहतियार तथा खरखजाना के कहाबाट खरिद गरी ल्याएको भन्ने थाहा भएन । म सँग कुनै हातहतियार खरखजाना अनुमति छैन भन्ने व्यहोरा समेत प्रतिवादी सुजन तामाङले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान

(४) मिति २०६९।५।१ गते साझका.जि.का.म.न.पा.वडा नं.१कमलपोखरी स्थित सुशिला मास्केको घरमा चोरी भएको थाहा पाई हेर्न जादा चोरी गरिएको कोठामा सामानहरु यत्रतत्र छरिएको र सोही स्थानमा गोलीहरु थान ५ पनि

थिए । पछि बुझ्दै जादा उक्त स्थानमा अरुण श्रेष्ठ र सुजन तामाङले चोरी गरी भाग्ने क्रममा घटनास्थलमा नै उक्त गोलीहरु छोडी गएका रहेछन भन्ने बुझिएका मानिसहरुले गरी दिएको घटना विवरण कागज ।

(५) मिति २०६९।५।१ गते साझका.जि.का.म.न.पा.वडा नं.१ कमलपोखरी स्थित सुशिला मास्केको घरमा चोरी भएको थाहा पाई हेर्न जादा चोरी गरिएको कोठामा सामानहरु यत्रतत्र छरिएको र सोही स्थानमा गोलीहरु थान ५ पनि थिए । पछि बुझ्दै जादा उक्त स्थानमा अरुण श्रेष्ठ र सुजन तामाङले चोरी गरी भाग्ने क्रममा घटनास्थलमा नै उक्त गोलीहरु छोडी गएका रहेछन भन्ने समेतको खानतलासी एवं वरामदी मुचुल्का,पक्राउ परेको प्रतिवादीहरुले गरेको वयान तथा बुझिएका मानिसहरुले गरी दिएको घटना विवरण कागज समेतका आधार प्रमाणहरुवाट निज प्रतिवादी अरुण श्रेष्ठ र सुजन तामाङले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) बमोजिमको कसुर गरेको हुँदा सोही कसुर अपराधमा निज प्रतिवादीहरुलाई ऐ. ऐनको दफा २०(३) बमोजिम सजाय गरी दफा १६ बमोजिम उक्त वरामदी गोलीहरु जफत हुन समेतको मागदावी लिई मिति २०६९।५।३ मा अभियोगपत्र पेश भएको ।

(६) मिति २०६९।५।१ गते साझका.जि.का.म.न.पा.वडा नं.१ कमलपोखरी स्थित सुशिला मास्केको घरमा काम गर्न मेरी दिदी गीता श्रेष्ठ करिव एक वर्ष देखी बस्दै आउनु भएको थियो । उक्त दिन दिदी र निजकी छोरी मेरो बुवा आमालाई भेट गर्न वालाजु स्थित डेरमा दिनको करिव ११ बजे आएका थिए । निज दिदी आमाबुवालाई भेटी आफु काम गर्ने घर तर्फ फर्कन लाग्दा दिदीले मलाई पुऱ्याई दिन भनेकाले म र अर्का प्रतिवादी मेरो साथी सुजन तामाङ समेत भई साँझ ६ बजे तिर सुशिला मास्केको घरमा निजको घरमा चोरी भई निजलाई समेत घाइते वनाई रहेको अवस्थामा म समेत भई निज घाइते घर धनीलाई वोकेर हिमाल अस्पताल पुऱ्याई उपचार समेत गराएको हो । कसले चोरी गरी घाइते वनाए थाहा भएन । खुट्टामा काटेको जस्तो घाउ थियो । म र अर्का प्रतिवादी समेत भई चोरी गरेको, निजलाई घाइते वनाएको होइन । घटनास्थलमा वरामद गरिएका भनिएका गोली ५ राउण्ड मेरा होइनन् म बाट वरामद भएका समेत होइनन् । अधिकार प्राप्त अधिकारी समक्षको वयान मलाई पढ्न नदिई सहीछाप गराएको वयान हो भन्ने समेत व्यहोराको प्रतिवादी अरुण श्रेष्ठले यस कार्यालय समक्ष गरेको बयान ।

(७) मिति २०६९।५।१ गते का.जि.का.म.न.पा.वडा नं.१ कमलपोखरी स्थित सुशिला मास्केको घरमा म र अरुण श्रेष्ठ भई गएको हो, म घर वाहिर थिए, अरुण श्रेष्ठले के के गरे थाहा भएन र अरुण श्रेष्ठ भित्र पसेका हुन् । म बाहिर थिएँ उक्त गोली मैले लगेको थिईन । अरुणले लगको भए मलाई थाहा भएन । म बाट उक्त गोलीहरु वरामद भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी सुजन तामाङले यस कार्यालय समक्ष गरेको वयान ।

(८) प्रतिवादी सुजन तामाङ र अरुण श्रेष्ठले वयानका क्रममा आफुबाट गोलीहरु वरामद भएको होइन भनी आफु विरुद्धको अभियोगमा इन्कारी रही वयान गरेता पनि मिसिल संलग्न वरामदी मुचुल्का, प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान,प्रहरी प्रतिवेदन र वस्तुस्थिति मुचुल्का समेतका आधार प्रमाणहरुबाट यी प्रतिवादीहरु अहिले नै निर्दोष छन भन्न सक्ने अवस्था विद्यमान नहुदा पछि मुद्दा किनारा हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी सुजन तामाङ्ग र अरुण श्रेष्ठलाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा २४(क) बमोजिम प्रस्तुत मुद्दाको पूर्पक्षको निम्ति थुनामा राख्न पठाई दिनु भन्ने समेत यस कार्यालयबाट मिति २०६९।०६।२३ मा भएको थुनछेक आदेश ।

(९) प्रतिवादी अरुण श्रेष्ठसँग ९/१० वर्ष अघि देखिको चिनजान छ । निज र म सगै डकर्मी काम गर्छौ । उ अहिले मिस्त्री भई सकेको छ । म पनि मिस्त्री हो । मैले थाहा पाएसम्म निज अरुण श्रेष्ठको चालचलन राम्रो छ । निज आफै ज्याला मजदुरी गरी खाने सिधासाधा व्यक्ति हुन । निजले चोरी गरेको, खरखजाना राखेको भन्ने व्यहोरा सत्य होइन, निज त्यस्ता कार्य नगर्ने व्यक्ति भएकोले अभियोगमा सफाई दिलाई पाउ भन्ने समेत मिल्दो जुल्दो व्यहोराको प्रतिवादी अरुण श्रेष्ठका साक्षीहरु विनल गुरुङ र गोपाल भुजेलले यस कार्यालयमा गरेको वकपत्र ।

(१०) वरामदी मुचुल्कामा भएको दस्तखत म समेतको हो । वरामदी मुचुल्कामा उल्लेखित गोली राउण्ड ५ घटनास्थलबाट वरामद भएको ठीक साँचो हो । प्रतिवादीलाई अभियोग दावी वमोजिम सजाय होस् भनी जाहेरवाला प्रतिवेदक प्र.स.नि. पवनकुमार अधिकारीले यस कार्यालयमा गरेको वकपत्र ।

## यस कार्यालयको ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दा मिति २०६९।५।।१ गतेका दिन काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं.१ स्थित शुसिला मास्केको घरमा चोरी भएको घटनास्थल प्रकृति

मुचुल्का तयार पार्ने क्रममा गोली राउण्ड-५ फेला परेको र चोरी गर्ने प्रतिवादीरु अरुण श्रेष्ठ र सुजन तामाङ गएकोले निज प्रतिवादीहरुलाई हात हतियार खरखजाना ऐन, २०१९को दफा ३(२) विपरितको कसुरमा ऐ. दफा २०(३) बमोजिम सजायँ गरी वरामद खर खजाना ऐ. दफा १६ बमोजिम जफत गरीपाउँ भन्ने अभियोग माग दावी रहेकोमा प्रतिवादीहरुले अभियोग माग दावी बमोजिम कसुर गरेका हुन होईनन्, कसुर गरेका भए निजहरुलाई के कस्तो सजाय हुनुपर्ने हो भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने भएको छ ।

मिसिल संलग्न कागजात अध्ययन गरी अब निर्णय तर्फ बिचार गर्दा मिति २०६९।५।१ गते का.जि.का.म.न.पा.वडा नं.१ स्थित शुसिला मास्केको घरमा चोरी भएको सिलसिलामा घटनास्थल प्रकृति मुचुल्का तयार पार्दा गोली राउण्ड-५ फेला परेको वरामदी मुचुल्का मिसिल संलग्न रहेछ । अनुसन्धानको क्रममा प्र.अरुण श्रेष्ठले हरी दाई भन्ने ब्यक्तिले ने.रु.१,०००।- (एकहजार) लिई उक्त गोली राउण्ड-५ आफुलाई दिएको र शुसिला मास्केको घरमा उक्त गोली लिई गई चोरी गरी नगद गोजीमा राख्ने क्रममा गोली त्यहि छुट्न गएको भनी खुलाई यस कार्यालय समक्षको बयानमा *मिति २०६९।५।१ गते साझ का.जि.का.म.न.पा.वडा नं.१ कमलपोखरी स्थित सुशिला मास्केको घरमा काम गर्न मेरी दिदी गीता श्रेष्ठ करिव एक वर्ष देखी बस्दै आउनु भएको थियो । उक्त दिन दिदी र निजकी छोरी मेरो बुवा आमालाई भेट गर्न बालाजु स्थित डेरमा दिनको करिव ११ बजे आएका थिए । निज दिदी आमाबुवालाई भेटी आफु काम गर्ने घर तर्फ फर्कन लाग्दा दिदीले मलाई पुऱ्याई दिन भनेकाले म र अर्का प्रतिवादी मेरो साथी सुजन तामाङ समेत भई साँझ ६ बजे तिर सुशिला मास्केको घरमा निजको घरमा चोरी भई निजलाई समेत घाइते वनाई रहेको अवस्थामा म समेत भई निज घाइते घर धनीलाई वोकेर हिमाल अस्पताल पुऱ्याई उपचार समेत गराएको हो । कसले चोरी गरी घाइते वनाए थाहा भएन । खुट्टामा काटेको जस्तो घाउ थियो । म र अर्का प्रतिवादी समेत भई चोरी गरेको, निजलाई घाइते वनाएको होइन । घटनास्थलमा वरामद गरिएका भनिएका गोली ५ राउण्ड मेरा होइनन् म बाट वरामद भएका समेत होइनन् । अधिकार प्राप्त अधिकारी समक्षको वयान मलाई पढ्न नदिई सहीछाप गराएको वयान हो* भनी कसुरमा ईन्कार रहेको दखिन्छ । प्रतिवादी सुजन तामाङले अनुसन्धानको क्रममा चोरी गर्न जानुपूर्व अरुण श्रेष्ठले आफुलाई ५ वटा गोली देखाएको, आफु समेत भई चोरी गरी भाग्ने क्रममा गोली छुट्न गएको भनी खुलाएको र यस कार्यालय समक्षको बयानमा *मिति २०६९।५।१ गते का.जि.का.म.न.पा.वडा नं.१ कमलपोखरी स्थित सुशिला मास्केको घरमा म र अरुण श्रेष्ठ भई गएको हो, म घर वाहिर थिए, अरुण श्रेष्ठले के के गरे थाहा भएन र अरुण श्रेष्ठ भित्र पसेका हुन् । म बाहिर थिएँ उक्त गोली मैले लगेको थिईन । अरुणले लगको भए मलाई थाहा भएन । म बाट उक्त गोलीहरु वरामद भएको होइन* भनी चोरी गर्न गएको तथ्यमा सावित रहेको देखिन्छ । वरामद भएको गोलीहरु पेस्तोलको गोली भएको भन्ने परीक्षण प्रतिवेदन मिसिल संलग्न भएबाट वरामद चिजवस्तु खरखजाना भएको तथ्यमा विवाद रहेन । घटनास्थलबाट ५ राउण्ड गोली वरामद भएको ठीक साँचो भनी प्रहरी प्रतिवेदक प्र.स.नि. पवन अधिकारीले यस कार्यालयमा आई वकपत्र गरी थप पुष्ट्याई गरेको देखिन्छ । प्रतिवादीहरुका साक्षीहरु गोपाल भुजेल र विनल गुरुङले यस कार्यालयमा गरेको बकपत्रमा मुद्दाको तथ्य देखे सुनेका कुरा भन्दा प्रतिवादीहरुको चाल चलनमा केन्द्रित रहेको देखिन्छ । यी प्रतिवादीहहरुलाई चोरी मुद्धामा काठमाण्डौ जिल्ला अदालतमा कारवाही भएको मिसिल संलग्न कागजबाट देखिन आयो । प्रतिवादी अरुण श्रेष्ठले यस कार्यालयमा आई कसुरमा ईन्कार रहेता पनि सोको पुष्ट्याई गर्ने सबुत प्रमाण पेश गर्न सकेको देखिएन । त्यसर्थ वरामदी मुचुल्का, प्रतिवादीहरुले अनुसन्धानका क्रममा गरेका बयान, बुझिएका मानिसहरुले गरिदिएको कागज, खरखजाना परीक्षण प्रतिवेदन, वादीका साक्षीको यस कार्यालय समक्षको बकपत्र, प्रतिवादीहरुले यस कार्यालयमा गरेको एकआपसमा बाझिने बयान समेतका आधारमा प्रतिवादीहरु अरुण श्रेष्ठ र सुजन तामाङले अभियोग दावी बमोजिम **हातहतियार खरखजाना ऐन**,२०१९ को दफा ३(२) विपरित बिना लाईसेन्स खरखजाना साथमा राखेको, बोकी हिडेको कसुर गरेको ठहर्छ । सो ठहर्नाले सजाँय तर्फ बिचार गर्दा निज प्रतिवादीहरुको आपराधिक पृष्ठभूमीसमेत लाई ध्यानमा राखी निजहरुलाई ऐ.दफा २०(३) बमोजिम जनही २ (दुई) वर्ष कैद हुन्छ । वरामद भई पेश भएको गोली राउण्ड-५ ऐ.दफा १६ बमोजि जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु अरुण श्रेष्ठ र सुजन तामाङलाई जनही २ (दुई) वर्ष कैद हुने ठहरेकोमा प्रतिवादी अरुण श्रेष्ठ र सुजन तामाङ मिति २०६९।५।१ गते पक्राउ परी यस कार्यालयको

आदेशानुसार हालसम्म मुद्दा पुर्पक्षका लागि थुनामा रहेकोले यस मुद्दामा ठहरेको कैद भुक्तान भई सकेको देखिंदा अन्य मुद्दाको हकमा थुना वा कैदमा राख्न नपर्ने भए यस मुद्दाको हकमा थुनाबाट छाडी दिन सम्बन्धित कारागार कार्यालयलाई लेखी पठाउनु........................................................ ............................१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु...........................................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी अरुण श्रेष्ठ र सुजन तामाङलाई ७० (सत्तरी) दिने पुनरावेदन म्याद दिनु ............................ .....३

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनु .................. ...............४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनु...........५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..........................................................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम कम्प्युटरमा
टाइप गर्ने ना.सु.परशुराम थापा

..................................
(**बसन्त राज गौतम**)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल आश्विन ३० गते रोज ५ शुभम् ..........